युनेस्को
नेपाल
राष्ट्रिय आयोग

**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**

सिंहदरवार, काठमाडौंको

# सूचना

**सूचना प्रकाशित मिति : २०८१/०५/१४**

बालबालिकालाई आफ्ना चित्र-डायरी (ENIKKI) मार्फत सहभागी हुन अनुरोध गरिन्छ।

## Mitsubishi Asian Children's Enikki Festa

## २०२४-२०२५ मित्सुबिसी एसियाली बाल चित्र-डायरी महोत्सव

**"आफ्नो दैनिक जीवनसँग एसियाका अरु बालबालिकालाई पनि परिचित गराऔं । आफूलाई चित्र-डायरीमा अभिव्यक्त गरौं"।**

विश्वभरिका बालबालिकालाई चित्र–डायरी मार्फत एसियाका मानिसका दैनिक जीवनसँग परिचित गराउने उद्देश्यले यो कला महोत्सव आयोजना हुन गइरहेको छ। एसियाका २४ ओटा देशका बालबालिकाको सहभागिता हुने **"एसियामा मेरो जीवनी दर्शाउन चाहन्छु"** शीर्षकमा चित्र–डायरी बनाउनका लागि हाम्रा देशका बालबालिकालाई अनुरोध गरिन्छ।

तपाईको रमाइलो दैनिक जीवन बारे एसियाका अरु साथीलाई थाहा दिन
आफ्ना तीन दिनको वर्णन गरी यस बाल चित्र-डायरी महोत्सवमा भाग लिनु हुन्न त ?

### प्रवेश सम्बन्धी नियम

**प्रविष्टि** : प्रत्येक प्रविष्टि (Entry) तीन पृष्ठको हुनु पर्नेछ। प्रत्येक पृष्ठमा आफ्नो दैनिक जीवनको कुनै घटना बारे वर्णन गरिएको चित्र र त्यस बारे छोटो विवरण हुनु पर्नेछ। (ड्रइङ्ग पेपरमा रङ्ग अथवा क्रेयन आदी प्रयोग गरी)।

**आकार** : A4 साइज (२९७ मिमि × २१०) को ठाडो पृष्ठको माथि चित्र र त्यसको मुनि चित्रको बारेमा वर्णन गर्नु पर्नेछ। कागजको तीन भागमध्ये दुई भाग (माथिल्लो) मा चित्र बनाउने र एक भाग (तल्लो) मा चित्रबारे तीनदेखि पाँच हरफसम्मको वर्णन गर्नु पर्नेछ।




**योग्यता** : ६ वर्ष देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरू।

**विषय** : **"एसियामा मेरो जीवनी दर्शाउन चाहन्छु"** आफ्नो दैनिक जीवनका कुनै पनि पक्ष, जस्तै, परिवार, साथी, विद्यालय जीवन, रीतिरिवाज, चाडपर्व, भेषभूषा, संस्कृति, प्रकृति, वातावरण, ग्रामीण तथा शहरी परिवेश आदि।

**चित्र-डायरी पठाउने अवधि** : **मिति २०८१ भाद्र १४ गतेदेखि कार्तिक ३० गतेसम्म** युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरवार, काठमाडौंमा आईपुग्नु पर्नेछ। चित्र-डायरी पठाउँदा शिक्षा, विकास तथा समन्वय इकाई वा विद्यालय वा स्थानीय तहको सिफारिस सहित पठाउनु पर्नेछ।

### पुरस्कारहरू :

- Grand Prix Award (प्रत्येक देशबाट एक जना)।
- पुरस्कार स्वरुप प्रत्येक ग्राण्ड प्रिक्स अवार्ड विजेतालाई जापानमा आयोजना हुने पुरस्कार समारोह तथा साँस्कृतिक आदानप्रदान कार्यक्रममा भागलिन अन्तर्राष्ट्रिय आयोजकबाट ग्राण्ड प्रिक्स अवार्ड विजेता र परिवारका एक जना सदस्यसहित दुई जनालाई आमन्त्रण गरिने जानकारी प्राप्त भएको छ।
- Mitsubishi Public afairs Committee Award (प्रत्येक देशबाट एक जना)।
- Asian Pacific Federation of UNESCO Clubs and Associations Award (प्रत्येक देशबाट एक जना)।
- National Federation of UNESCO Associations in Japan Award (प्रत्येक देशबाट एक जना)।
- Excellence Award (प्रत्येक देशबाट चार जना)।

| सहभागी देशहरू | आयोजकहरू |
|---|---|
| बङ्गलादेश, भुटान, ब्रुनाइ-दरुसलाम, कम्बोडिया, चीन, भारत, इन्डोनेशिया, काजकिस्तान, दक्षिण कोरिया, लाओस, मलेशिया, माल्दिभ्स, मङ्गोलिया, म्यान्मार, नेपाल, पाकिस्तान, फिलिपिन्स, सिङ्गापुर, श्रीलङ्का, चीन-ताइपेई, थाइल्याण्ड, टिमोर–लेस्टे, भियतनाम र जापान। | **अन्तर्राष्ट्रिय आयोजक**<br>Mitsubishi Public Affairs Committee/Asian Pacific Federation of UNESCO Clubs and Associations in Japan/ National Federation of UNESCO Associations in Japan |
| **आर्थिक तथा प्राविधिक सहयोग**<br>मित्सुबिसी कम्पनी, जापान | **राष्ट्रिय आयोजक**<br>युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय<br>सिंहदरवार, काठमाडौं |

**विस्तृत जानकारीको लागि :**

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरवार, काठमाडौं
फोन नं. : ०१–४२००५५९, ईमेल : unesconatcomnepal@gmail.com
वेवसाइट :nncu.org.np र मोबाईल नम्बर : ९८५१३४९४६३ (फोकल पर्सन) बाट जानकारी लिन सकिने छ।